प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# प्रेस विज्ञप्ति

मितिः २०७८/०९/२६

मिति २०७८/०९/२६ गते गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा १६ बमोजिम गठित प्रदेश निर्देशक समितिका अध्यक्ष **माननीय कृष्णचन्द्र नेपाली पोखरेलज्यू**को अध्यक्षतामा बसेको प्रदेश निर्देशक समिति (PDC) को बैठकबाट तपसिल बमोजिमका निर्णय भएकोले सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**निर्णयः**

(१) विभिन्न मुलुकबाट तीव्र रूपमा फैलिएको र नेपालमा समेत फैलने क्रममा रहेको कोभिड-१९ को संक्रमण दरलाई दृष्टिगत गरी सो को रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी र व्यवस्थित बनाउन जनचेतना अभिवृद्धि गर्ने, औषधी एवं उपकरणको व्यवस्थापन छिटो-छरितो मध्यमबाट खरिद तथा आपूर्ति व्यवस्थापन गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने।

(२) कोभिड-१९ संक्रमणको स्थानीय अवस्था हेरी जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ कार्यान्वयनलाई थप प्रभावकारी बनाउन DCMC र स्थानीय तहहरूलाई निर्देशन गर्ने।

(३) सबै प्रकारका भेला, मेला, महोत्सव आदि प्रकृतिका कार्यक्रम नगर्न नगराउन आह्वान गर्ने। गर्नैपर्ने अवस्थाका कार्यक्रमहरूका लागि स्मार्ट लकडाउनको प्रकृया अवलम्बन गर्ने व्यवस्था मिलाउने।

(४) मिति २०७८ माघ ७ गते देखि सार्वजनिक स्थानहरू (कार्यालय, होटल, रेष्टुरेण्ट, सिनेमा हल, रंगशाला, हवाईयात्रा, पार्क आदि) मा प्रवेश गर्दा र सार्वजनिक सेवा प्राप्त गर्दा कोभिड-१९ विरूद्धको पूरा मात्राको खोप लगाएको कार्ड अनिवार्य गर्ने र सार्वजनिक सवारी साधनमा यात्रा गर्ने चालक, सहयोगी र तोकिएको सिट क्षमता बमोजिमका यात्रुहरूका लागि मास्क अनिवार्य गर्ने व्यवस्था मिलाउने।

प्रदेश सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

(५) गण्डकी प्रदेशको प्रवेश विन्दु (तनहुँको आँबुखैरेनी, स्याङ्जाको रामदी, नवलपरासी पूर्वको बिनय त्रिवेणी) मा निगरानी बढाउन आवश्यक (कर्मचारी, स्वास्थ्य सामग्री र स्थान) प्रवन्ध गर्ने व्यवस्था मिलाउने र सार्वजनिक स्थलहरूमा नि:शुल्क Antigen परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउनुका साथै त्यस्तो परीक्षणबाट Positive देखिएकाहरूलाई तत्काल संस्थागत आइसोलेसन (होल्डिङ्ग सेन्टर आदि) मा राख्न सम्बन्धित DCMC ले समन्वय गर्ने व्यवस्था मिलाउने।

(६) समाजमा ओमिक्रोन लगायतका भेरियण्टको प्रभाव र ध्यान दिनुपर्ने विषयमा नागरिक स्तरमा चेतनामुलक सूचना जानकारी उपलब्ध गराउने व्यवस्था मिलाउने। प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र, पोखराबाट सातै दिन २४ घण्टा सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने।

(७) गण्डकी प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतको स्वास्थ्य प्रवर्द्धन तथा निगरानी केन्द्र, आँबुखैरेनीको थप व्यवस्थापनका लागि तल्लो मर्स्याङ्दी जलविद्युत कार्यालयको जग्गा प्रयोग गर्नका लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने।

(८) विगत संक्रमणको समयमा संचालित आइसोलेसन केन्द्रलाई क्रियाशील बनाउने व्यवस्था मिलाउने।

............

(डा. नारायण श्रेष्ठ)

प्रवक्ता